फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०७९/०८/१८

यस फेदाप गाउँपालिकामा तपसिल बमोजिमका रिक्त रहेका पदहरुमा फेदाप गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ तथा आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन, २०७९ र फेदाप गाउँ कार्यपालिकाको मिति २०७९।०८।१५ गतेको निर्णय बमोजिम सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मिति देखि १५ (पन्ध्र) दिन भित्र र सो दिन बिदा परेमा सो को भोली पल्ट कार्यालय खुलेको समयमा गाउँपालिकाबाट निर्धारित फारम भरी तोकिएको शुल्क तिरी रितपुर्बकको आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| बिज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १९/२०७९-०८० | सूचना प्रविधि अधिकृत (ITO) | स्थानीय तहको छैटौं | १ | |
| २०/२०७९-०८० | कृषि स्नातक प्राविधिक | स्थानीय तहको छैटौं | १ | |
| २१/२०७९-०८० | सब-ईन्जिनियर | स्थानीय तहको पाँचौं | १ | |
| २२/२०७९-०८० | रेडियोग्राफर | स्थानीय तहको पाँचौं | १ | |
| २३/२०७९-०८० | अ.सब-ईन्जिनियर | स्थानीय तहको चौथो | १ | |
| २४/२०७९-०८० | ना.प.से.प्रा. | स्थानीय तहको चौथो | १ | |
| २५/२०७९-०८० | अ.हे.व. | स्थानीय तहको चौथो | १ | |
| २६/२०७९-०८० | ल्याव असिष्टेन्ट | स्थानीय तहको चौथो | १ | |
| २७/२०७९-०८० | विद्यालयमा सहायक कम्प्युटर अपरेटर | | १२ | |
| २८/२०७९-०८० | प्रास कृषि | प्रदेश विकास स्वयंसेवक | १ | |

१. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

- नेपाली नागरिकताको प्रमाणप्रत्र ।
- शैक्षिक योग्यताको प्रमाणपत्र ।
- तालिम तथा अनुभव सम्बन्धी कागजातहरु ।
- काउन्सील दर्ता प्रमाणपत्र नविकरण सहित (आवश्यक पदहरुको लागि) ।

२. परिक्षाको किसिमः- लिखित र मौखिक (स.क.अ.को हकमा कम्प्युटर सिप परिक्षण)

३. परिक्षा मितिः- संक्षिप्त सूची प्रकाशन गर्दा गरिनेछ ।

४. दरखास्त दस्तुरः- अधिकृतस्तर छैटौंको लागि दरखास्त दस्तुर रु. १०००, सहायक पाचौ तहको लागि दरखास्त दस्तुर रु.५००, सहायक चौथो तहको लागि दरखास्त दस्तुर रु.४०० बुझाउनु पर्नेछ ।

५. दरखास्त पाउने ठाउः फेदाप गाउँपालिकाको कार्यालय, पोक्लावाङ, तेह्थुम वा यस गाउँपालिकाको वेवसाईट https//www.phedapmun.gov.np मा दरखास्त बाट Download गर्न सकिनेछ ।

६. दरखास्त दिने प्रकृयाः तोकिएको आवश्यक कागजातहरु स्वयम् प्रमाणित गरी तोकिएको दस्तुर यस गाउँपालिकाको राजश्व शाखामा जम्मा गरी सक्कल भौचर साथ रितपुर्वकको आवेदन फारम भरी स्वयम् उपस्थित भई आवेदन दिनुपर्नेछ ।

७. दरखास्त दिने अन्तिम मितिः- २०७९/०९/०३ गते कार्यालय समयमा ।

८. उम्मेदवारको उमेरको हदः- १८ बर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।)

९. पाठ्यक्रमः- प्रदेश लोकसेवा आयोगले तोके बमोजिम हुनेछ ।

**१०.आवश्यक न्युनतम योग्यता**

क) सूचना प्रविधि अधिकृतको लागि कम्प्युटर साईन्समा स्नातक वा ईलेक्ट्रोनिस ईन्जिनिरङ्गमा स्नातक वा प्रमुख विषय कम्प्युटर साईन्स लिई ३ वर्षे स्नातक वा विज्ञान (Physical) मा स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिशि डिजाईन वा सफ्टवेयर डेवलपमेन्टमा कम्तिमा ९(नौ) महिनाको डिप्लोमा उतिर्ण ।

ख) कृषि स्नातक प्राविधिकको लागि कृषि विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण ।

ग) सव-ईन्जिनियरको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल ईन्जिनियरिङ तहमा डिप्लोमा वा सो सरह उतिर्ण गरेकों ।

घ) रेडियोग्राफरको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट रेडियोग्राफिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण ।

ङ) अ.सव-ईन्जिनियरको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सव ओभरसियर वा सो सरह उतिर्ण ।

च) ना.प.से.प्रा.को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट पशुपन्छी विज्ञान तर्फ १८ महिने वा सो सरह उतिर्ण ।

छ) अ.हे.व.को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सि.एम.ए. कोर्ष वा सो सरह उतिर्ण ।

ज) ल्याव असिष्टेन्टको लागि मान्यता प्राप्त संस्थाबाट ल्याव असिस्टेन्ट कोर्ष पुरा गरेको वा सो सरह उतिर्ण ।

झ) सहायक कम्प्युटर अपरेटरको लागि मान्यता प्राप्त संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा सो सरह उतिर्ण वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सि. वा सो सरह उतिर्ण गरि रजिस्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर कोर्ष पुरा गरेको हुनु पर्नेछ ।अथवा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. वा सो सरह उतिर्ण गरि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित तीन महिनाको कम्प्युटर तालिम प्राप्त ।

ञ) प्राप्त कृषिको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा डिप्लोमा कोर्ष वा ISCAG कोर्ष उतिर्ण।

११. काम गर्नु पर्ने स्थानः-फेदाप गाउँपालिकाको कार्यक्षेत्र भित्र ।

१२. तलब भत्ता तथा अन्य सुविधाः-करार सम्झौतामा उल्लेख भए बमोजिम ।

१३. थप जानकारीको लागिः९८५२०८०६००

१४. नोटः यस सूचनामा उल्लेख भए बाहेकका विषयमा करार सेवा पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

द्रष्टव्य: रितपुर्वक पेश नभएको तथा म्याद नाघी दर्ता हुन आएको आवेदन उपर कुनै प्रकारको कारवाही गरिने छैन। छनोट समितिले मापदण्ड पुरा गरेका आवेदकलाई मात्र छोटो सुचीमा समावेश गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

०८१।०८।२६

नि.प्रमुख प्रशासकीय अधिकृत